स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




अभिनेत्री आँचल शर्मालाई दर्शकले सधैं क्युट भूमिकामा देख्दै आएका छन्। अब भने उनी एक्सनमा पनि देखिने भएकी छन्। फिल्म "वर एन्ड बधू" मा उनी एक्सन (फाइट) का साथ देखिन लागेकी हुन्। बिहीबार मुलपानी क्रिकेट ग्राउन्डको अपोजिटमा रहेको रोयल प्यालेसमा उनले फिल्मको लागि दिनभरि फाइटका दृश्य छायांकन गराएकी छन्। फिल्मको खलपात्रहरुसँग लड्दै आफूलाई बचाएको दृश्य त्यहाँ खिचिएको थियो।

आजको विचार...



मेघनाथ दाहाल

यथार्थपरक... (दुई पेजमा)



फिल्मसम्मको यात्रा तय गर्न म्यूजिक भिडियो बलियो खुड्किलो मानिन्छ। पल शाहदेखि पूजा शर्मासम्म म्यूजिक भिडियोबाटै आएका कलाकार हुन् । तर, म्यूजिक भिडियोबाट उदाएका एकाधले मात्र फिल्ममा मुख्य भूमिकामा काम गर्ने अवसर पाउँछन् । नभए त प्राय: सहायक भूमिकामा सीमित रहन्छन् । दुई सयभन्दा ज्यादा म्यूजिक भिडियो खेलेकी गरिमा शर्माले पनि निरन्तर फिल्ममा काम गर्ने अवसर पाइरहेकी छन् । तर, उनलाई मुख्य भूमिकामा लिने आँट मेकरले गर्न सकेका छैनन् ।

❒ वर्ष २९ ❒ अंक २८२ ❒ २०८१ वैशाख ३० गते आइतबार 12 May 2024, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# वर्षापछि किसानलाई राहत

## बारीमा मकै छर्ने तयारीमा रहेका किसान उत्साहित

**रामचन्द्र रायमाझी**


**पाल्पा,** वैशाख २९/लामो समयको खडेरीपछि वर्षा हुँदा किसानलाई राहत मिलेको छ । मकै छर्न तथा अन्य बालीनाली लगाउन तयारी अवस्थामा रहेका किसानहरुलाई वर्षा भएपछि ठूलो राहत मिलेको हो ।

किसानले खेतमा लगाएको बाली समेत खडेरीले सखाप हुन लागेको थियो । यस्तो समयमा वर्षा भएपछि किसानले केही भए पनि राहत महसुस गरेका छन् । गत मंगलबार र शनिबार वर्षा भएपछि पाल्पा, गुल्मीसहित पहाडी जिल्लाका किसानलाई राहत भएको हो ।

लामो समयदेखि गर्मी दिनानुदिन बढिरहेको बेलामा पानी नपर्दा किसान चिन्तित बनेका थिए । मकै छर्न तयार भएका किसान वर्षापछि खुसी भएका छन् । गत मंगलबार वर्षा भएपछि मकै छर्न तथा अन्य बालीनाली लगाउन सहज भएको गुल्मी इस्मा गाउँपालिका-२ की कमला मल्लले बताईन् । उनले भनिन्,'लामो समयको खडेरीपछि पानी परेको छ, अब बारीमा मकै छर्ने तयारी गर्दैछौं ।' सिँचाइका लागि आकासे पानीमा निर्भर रहेका किसानका लागि अहिलेको पानीले खुसी दिएको छ । 'बारीमा छर्ने बेला भएको थियो, पानी नपर्दा छर्न पाएका थिएनौं, ढिलाइ भए पनि छर्न पाउने भयौं' पाल्पाको रैनादेवी छहरा गाउँपालिकाकी भिमा कार्कीले भनिन् । सुख्खा रहेका खेतबारी वर्षाले अहिले चिस्यान भएको उनले बताईन्। कार्कीले बारीमा लगाएको तरकारीलाई अहिलेको वर्षाले राहत मिलेकोमा खुसी व्यक्त गरिन् । लामो समयसम्मको खडेरीले खेतबारीमा लगाएका तरकारी समेत फस्टाउन पाएका थिएनन् अब फस्टाउनेमा उनी आशावादी छन् । पाल्पा, गुल्मीसहित पहाडी जिल्लाका अधिकांश ठाउँमा मकै लगाउने समय भएकाले पानी परेपछि किसानले त्यसको तयारी गरेका छन् । खेतमा मकै छरिसकेका किसान पनि वर्षा भएपछि बाली सप्रने भन्दै खुसी भएका छन् । 'खडेरीले खेतमा छरेको मकै टुसाउन पाएका थिएनन् । यो वर्षाले धेरै राहत पुर्‍यायो', गुल्मी इस्मा गाउँपालिका-२ का किसान गोविन्द खत्रीले भने 'सिँचाइ सुविधा नभएको हाम्रोजस्तो ठाउँका लागि हिउँदे वर्षाले सघाएको छ ।' पानी नपर्दा खोलानाला सुक्खा भएका थिए । अधिकांश किसानलाई आकाशे पानीको भरमा खेती गर्नुपर्ने बाध्यता छ ।

वर्षा भएपछि उत्पादन घट्ने चिन्ता पनि हटेको पाल्पा माथागढीका किसान जीवन रायमाझीले बताए । पाल्पामा ४९ हजार मेट्रिक टन मकै उत्पादन हुन्छ गर्दछ । यहाँ ८ हजार ८ सय ५ हेक्टर खेतमा वर्षायाममा सिँचाइ सुविधा उपलब्ध छ । वर्षैभरि ३ हजार ९ सय ३४ हेक्टर क्षेत्रफलमा सिँचाइ हुन्छ भने मौसमी सिँचाइ ४ हजार ८ सय ७१ हेक्टरमा गर्न सकिन्छ । यस्तै गुल्मीमा हाल ३ हजार ६ सय २६ क्षेत्रफमा वर्षभरि नै सिंचाइको व्यवस्था रहेको छ, भने ६ हजार ६ सय ९० क्षेत्रफल खेतमा आशिंक सिंचाइको व्यवस्था रहेको छ । जिल्लामा सबैजसो ठाउँमा सिँचाइको पर्याप्त व्यावस्था नहुँदा किसानहरु आकासे पानीमा भरपर्नु पर्ने बाध्यता छ ।





## संक्षिप्त समाचार

### आगो निभाउन सहयोग गर्ने पाँच जना सम्मानित

**तम्घास,** वैशाख २९/गुल्मीमा आगो निभाउन महत्वपूर्ण भूमिका खेलेका दमकल चालकसहित पाँच जनालाई सम्मान गरिएको छ ।

जिल्लाको शुभलक्ष्मी क्लीनिकले शनिबार रेसुङ्गा नगरपालिकाका दमकल चालक कमल पन्थी, दमकल सहायक कृष्णबहादुर थापा, नगरप्रहरी जवान वसन्त बस्नेत, जीवन पाण्डे र नगरपालिकाका कार्यालय सहयोगी प्रेमबहादुर मगरलाई सम्मान गरिएको हो । उनीहरुलाई सम्मानपत्र, दोसल्ला र मायाको चिनोले सम्मान गरिएको संस्थाका व्यवस्थापक राजेन्द्र विश्वकर्माले जानकारी दिए । गुल्मीमा रहेका १२ पालिकामध्ये रेसुङ्गा नगरपालिकासँग मात्र दमकल रहेको छ । दमकलले सदरमुकाम तम्घासका साथै इस्मा, गुल्मीदरबार, धुर्कोट, अर्घाखाँचीको छत्रदेवलगायतका ठाउँमा सेवा दिइरहेको छ ।

सोही दमकल लिएर आगो निभाउन खटिने चालकसहितका सदस्यलाई हौसला प्रदान गर्न सम्मान गरिएको शुभलक्ष्मी क्लीनिकका प्रबन्ध निर्देशक होम पल्लीले जानकारी दिए । **-रासस**

## 'नतिजा केन्द्रित राजनीति अहिलेको आवश्यकता हो'



**पाल्पा,** वैशाख २९/नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले राजनीति चुनाव केन्द्रित नभई नतिजा केन्द्रित हुनु पर्ने बताएका छन् । नेपाली काँग्रेस प्रशिक्षण शाखा पाल्पाले निस्दीमा आयोजना गरेको प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै सभापति श्रेष्ठले अहिलेको आवश्यकता नतिजा केन्द्रित राजनीति रहेको बताएका हुन् । उनले अधिवेशन र चुनाव केन्द्रित राजनीतिले मात्र संगठन नचल्ने बताउदै नतिजा केन्द्रित राजनीतिमा लाग्न पार्टी नेता कार्यकर्ताहरुलाई आग्रह गरे । सभापति श्रेष्ठले भने 'एउटा अधिवेशनबाट अर्को अधिवेशन, एउटा चुनावबाट अर्को चुनाव केन्द्रित राजनीतिले मात्र पार्टी चल्दैन । अब नतिजा केन्द्रित भएर लाग्नु आवश्यक छ ।' सभापति श्रेष्ठले जनताको आशा, भरोसा र विश्वासलाई केन्द्रमा राखेर नतिजामुखी काम गर्नुपर्नेमा जोड दिए । उनले काँग्रेसका कार्यकर्ता भैसकेपछि आत्तिने, पात्तिने र मात्तिने छुट कसैलाई नरहेको भन्दै आजैदेखि नतिजा दिने गरी लाग्न सबैलाई आग्रह गरे ।

निस्दीमा काँग्रेसको जनमत हुँदाहुँदै पनि केही प्राविधिक कारणले काँग्रेसले हार्नु परेको सभापति श्रेष्ठले बताए । उनले भने 'निष्पक्ष निर्वाचन हुन्छ भने निस्दीमा निर्वाचन जित्ने आधार अझै पनि छ । त्यसैले आशाको किरण जगाएर अघि बढ्नु आवश्यक छ ।' सभापति श्रेष्ठले युवाहरुलाई आयआर्जनसँग जोडिएर अघि बढ्न समेत आग्रह गरे ।

*-बाँकी अन्तिम पेजमा*

## पाल्पामा भिसिटिएस बारे उद्योगी व्यवसायीसँग अन्तरक्रिया

**पाल्पा,** वैशाख २९/पाल्पाको तानसेनमा उद्योगी-व्यवसायीसँग 'भेइकल एन्ड कन्साइनमेन्ट ट्र्याकिङ सिस्टम' (भिसिटिएस) सम्बन्धी अन्तरक्रिया गरिएको छ । पाल्पा उद्योग वाणिज्य संघले राजस्व अनुसन्धान कार्यालय बुटवल र करदाता सेवा कार्यालय पाल्पाको सहयोगमा एक दिने भिसिटिएस सम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गरेको हो ।

मालसामान ओसार पसारलाई व्यवस्थित गर्न सरकारले लागू गरेको भिसिटिएस प्रणालीको प्रयोग बारे जानकारी दिने उद्देश्यले उद्योगी व्यवसायीसँग अन्तरक्रिया कार्यक्रम गरिएको पाल्पा उद्योग वाणिज्य संघले जनाएको छ । छलफलमा सहभागी जिल्लाका उद्योगी, व्यवसायीले भिसिटिएससहित राजस्वसम्बन्धी विविध विषयमा जिज्ञासा राखेका थिए । कार्यक्रममा राजस्व अनुसन्धान कार्यालय बुटवलका राजस्व अधिकृत हुम पाण्डे र राजन कुमार श्रेष्ठले व्यवसायीलाई भिसिटिएस एवं राजस्व सम्बन्धी विषयमा विस्तृत जानकारी गराए । राजस्व अधिकृत पाण्डेले शुरुवाति दिनमा यसको प्रयोग अप्ठ्यारो भएपनि पछि सहज हुने बताए । उनले भने 'राजस्व चुहावटको अन्त्य र कर छलि हटाउन सरकारले यो प्रविधि कार्यान्वयनमा ल्याएको हो ।' राजस्व छलीमा कडा कारबाहीको व्यवस्था रहेकाले व्यवसायीले नियम र परिधिभित्र रहेर व्यवसाय चलाउन समेत पाण्डेले आग्रह गरे ।

कार्यक्रमका प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी आनन्द काफ्लेले नयाँ प्राणालीका रुपमा आएको भिसिटिएस प्रयोगका बारेमा अन्तरक्रिया कार्यक्रम महत्वपूर्ण हुने विश्वास व्यक्त गरे । उनले उद्योगी व्यवसायीहरुलाई अनिवार्य रुपमा भिसिटिएस प्रयोग गर्नुपर्नेमा समेत जोड दिए । पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराईले सरकारले ल्याएको नयाँ प्रणालीको प्रयोग बारे अधिकांस उद्योगी व्यवसायीहरु अनविज्ञ रहेकाले सोको बारेमा जानकारी गराउन कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने बताए । उनले बढ्दो उद्योगी



व्यवासायिको पलायनलाई रोक्ने सवालमा संघ गम्भीर ढंगले लागेको समेत उल्लेख गरे । करदाता सेवा कार्यालय पाल्पाका प्रमुख कर अधिकृत सन्तोष सुवेदीले करको दायरमा आउन उद्योगी व्यवसायीलाई आग्रह गरे । कार्यक्रममा पाल्पा उद्योग वाणिज्य संघका निर्वतमान अध्यक्ष राजु महर्जन, पूर्व अध्यक्षहरु मोहन प्रसाद श्रेष्ठ, हरि रायमाझी, घरेलु तथा साना उद्योग कार्यालयका अधिकृत थमन बहादुर सारु, राजस्व अनुशन्धान कार्यालय बुटवलका नायब सुब्बा दिपेन्द्र श्रेष्ठ लगायतले कार्यक्रम उद्योगी व्यवसायीहरुका लागि सान्दर्भिक रहेको बताए । कार्यक्रममा जिल्लाका ७० भन्दा बढी उद्योगी व्यवसायिको सहभागिता रहेको थियो ।

**के हो भिसिटिएस ?**

भिसिटिएस भनेको एक ठाउँबाट अर्को ठाउँसम्म माल सामान ढुवानी गर्न राजस्व अनुसन्धान विभागले प्रयोगमा ल्याएको अनलाईन फारम हो । जहाँ बिल बिजक, पान/भ्याट नं, बस्तुको मुल्य, परिमाण, सामान पुर्‍याउनुपर्ने गन्तव्य, गाडी नम्बरलगायतका कुराहरु भर्नुपर्छ । अहिले ठाउँ-ठाउँका उद्योगी व्यवसायीहरुलाई भिसिटिएस प्रयोगका विषयमा व्यवसायीहरुलाई प्रशिक्षण दिने गरिएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## पीडाबीच नर्सको सेवा

रातदिन सेवामा खटिने नर्सहरु अस्पतालमा पुगेका बिरामीका लागि भरोसाका केन्द्र हुन् । बिरामीको हेरचाहमा उनीहरुको महत्वपूर्ण भूमिका रहेको छ । औषधि खुवाउने, सुई खोप्ने, बिरामीका हरेक गुनासो सुन्नेदेखि सबै काम नर्सले गर्छन् तर नेपालमा तिनै नर्स विभिन्न बहानामा पीडित छन् । हरेक वर्षको मे १२ तारिखमा नर्सिङ सेवा र नर्सहरुलाई सम्मान गर्ने उद्देश्य लिएर अन्तर्राष्ट्रिय नर्सिङ दिवस मनाउने गरिन्छ । यस वर्षको दिवस आज नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदै छ । तर उनीहरुका पीडा कम हुन सकेका छैनन् ।

आधुनिक नर्सिङ पेसाको सुरुवात गर्ने फ्लोरेन्स नाइटिङ्गेलको जन्मदिनको अवसर पारेर अन्तर्राष्ट्रिय नर्सिङ काउन्सिल (आईसीएन) को आह्वानमा प्रत्येक वर्ष विश्वभरि नै नर्स दिवस मनाउने गरिन्छ । यो दिवसलाई शारीरिक तथा मानसिक रुपमा खटिएर बिरामीको सेवा गर्ने नर्स तथा नर्सिङ पेशालाई सम्मानित पेशाका रुपमा लिने गरिएको छ । तीनै नर्सको पीडा अत्यन्त दुख लाग्दो छ । सबैभन्दा ठूलो त नर्स बनिसकेपछि जागिर पाउन र न्यून पारिश्रमिकको पीडा नै सबैभन्दा ठूलो हो । महंगो अध्ययन शुल्क र सबैभन्दा सस्तो जागिरमा समेत हुने श्रम शोषण अर्को समस्याको पाटो हो । एउटा नर्सले अस्पतालमा रातिको समयमा एक्लैले ३० देखि ३५ जनासम्म बिरामीको स्वास्थ्य निगरानी गर्नुपर्ने हुन्छ । अहिले बेड रेसियो अनुसार कोटा निर्धारण गरिएको छैन । त्यस्तै, लामो समयदेखि नयाँ कोटामा दरबन्दी नखुल्दा नर्सहरु निजी अस्पतालमा अति कम शुल्कमा जागिर खान बाध्य छन् । अध्ययन पूरा गरेपछि हरेक तहको अध्ययनमा भोलेन्टियर बनेर काम गर्नुपर्ने पनि नर्सहरुको अर्को पीडा हो । त्यस्तै, कार्यक्षेत्रमा रहँदा पुरुष कामदार र बिरामी कुरुवाहरुको गिद्दे दृष्टिको जोखिम पनि उनीहरुको अर्को पीडा रहेको नर्सहरुको गुनासो छ ।

कोरोना महामारीका बेलामा ज्यानको प्रवाह नगरी होमिएका ति नर्सहरुको योगदान कसैले पनि भुल्नु हुँदैन । जतिबेला कोरोना संक्रमणका विरामीहरुले अस्पताल तथा स्वास्थ्य संस्थाका शैयाहरु भरिएका थिए त्यति बेला तिनै संक्रमितलाई बचाउने प्रयास गर्दा कतिपय नर्सहरु संक्रमित भए भने कतिले त मृत्युवरण समेत गरे । आफ्नो सुरक्षाको पर्वाह नगरी सेवा प्रदान गर्नमा लागिपरेका सम्पूर्ण चिकित्सा सेवाकर्मीहरूको जति नै प्रशंसा गरे पनि कमै हुन्छ । त्यस्तो कठिन समयमा पनि आफ्नो स्वास्थ्य, घर परिवारको चिन्ता नगरी आफ्नो कर्तव्य निष्ठाका साथ पालना गरी बिरामीको सेवा गर्नमा तत्पर थिए र अहिले पनि छन् । त्यसैले नर्सको नेतृत्व गर्ने संस्था नेपाल नर्सिङ संघका पदाधिकारीहरूले दिवसको 'सेलिब्रेसन' गर्ने मात्र नभई उनीहरूको हकहितका लागि संघर्ष गर्न जरुरी छ ।

### Opinion @ Social Network

फूल छामेर गयौं, काडाँ समातेर लयौं सुगन्ध सम्झी तिमी रुन्छौं ।
*(कमला न्यौपानेफेसबुक स्टाटसबाट https://www.facebook.com/kamalanyaupane)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# यथार्थपरक बजेट आउला त ?



**मेघनाथ दाहाल**

***नेपालले पाउने बाह्य ऋण सहुलियतपूर्ण एवं सस्तो खोजिरहेका छौं जुन सन् ३० को लक्ष्यको विरोधाभाषपूर्ण रहेको देखिन्छ । आन्तरिक तथा बाह्य ऋणको आकडा २३ खर्ब नाघिसकेको छ । यो आकडा मुलुकको जिडिपीको तुलनामा ४१ प्रतिशत देखिए तापनि यस ऋणको रकम के र कस्ता परियोजनामा खर्च गरिरहेको छ भन्ने विषयले सही अर्थ राख्दछ । अन्त्यमा, पछिल्ला केही वर्षमा खास गरी मुलुक संघीयतामा गइसकेपछि ग्रामीण विकासमा नाममा भएको ठूलो लगानीको बाबजुद किन र कसरी हिमाली तथा पहाडी प्रदेशलगायत तराईकै भित्री देहाती बस्तीबाट लोकमार्ग छेउछाउमा भइरहेको बसाइँसराइ किन कम हुन सकेन भन्ने विषयलाई बजेटले समेट्नुपर्ने हुन्छ । सरकारी तथा गैरसरकारी अध्ययनको आधारमा ग्रामीण बस्तीमा लगानी कम भएकाले सामाजिक तथा आर्थिक पूर्वाधारको दयनीय अवस्थाले ठूलो संख्यामा बसाइँसराइ भयो भन्ने बुझाइलाई कम गर्न सरकारले धेरै लगानी गरेको हो । तर, परिणाम राम्रो देखिएन । युवामात्र नभएर गाउँका गाउँ यो वा त्यो निहुँमा खाली भइरहेका छन् ।***

नेपालले वार्षिक बजेटको सुरुवात गरेको मिति २००८ सालबाट हो । तत्कालीन अर्थमन्त्री सुवर्ण शमशेर राणाले पहिलोपटक नेपालामा वार्षिक बजेटको थालनी गर्नु भएको थियो । आजभन्दा ७२ वर्षअघिको समयमा आएको पहिलो बजेटमा धेरै कमजोरी भए तापनि नेपालको आर्थिक क्षेत्रका लागि त्यो काम कोशेढुंगाको रूपमा उपलब्धि थियो । यसैको आधारलाई टेकेर हामीले केन्द्रीय बैंक र योजना आयोगको स्थापना तथा सञ्चालन संस्थागत किसिमले गर्न सफल भयौं । लामो समय बितेको भए तापनि समग्र आर्थिक क्षेत्रको विकासमा यी एकाध ठूला काम गरेका छन् । औद्योगिक क्रान्तिभन्दा अघिको समयमा खासगरी बचत बजेटको चलन थियो । सरकारका हरेक क्रियाकलाप आम्दानीको आधारमा मात्र चल्नुपर्छ भन्ने तत्कालीन समयको माग थियो तर विस्तारै-विस्तारै सरकारका कामको दायरा बढ्दै जान थाल्यो । आम्दानीका स्रोतहरूको यकिन नहुँदा सरकारले घाटा बजेटको सुरुवात गर्न थाल्यो । यो क्रम आजपर्यन्त चलिरहेको छ ।

**आम्दानी र खर्चको समन्वय :** नयाँ आर्थिक वर्षको बजेटमा अनुमानित आम्दानी, खर्चका शीर्षक ठ्याक्कै नमिल्न सक्छन् तर पनि अर्थतन्त्रको सवल पक्ष तथा कमजोरी बारे थाहा पाएको व्यक्तिका लागि प्रक्षेपण गरिएका तथ्यांक यथार्थ नजिक हुने गर्दछ । वार्षिक बजेट चालु आर्थिक वर्षको वित्तीय विवरणको दस्तावेजमात्र नभएर सरकारमा बसेको राजनीतिक दल र उसको राजनीतिक दृष्टिकोण तथा गन्तव्यलाई इंगित गरिरहेको हुन्छ । वार्षिक बजेटले समग्रतामा आजभोलि कल्याणकारी राज्यको प्रतिनिधित्व गर्दै समाजको प्राथमिकता आधारमा स्रोतसाधनको उच्चतमा उत्पादनमुखी प्रयोगमा जोड दिने गरेको हुन्छ । सरकारमा बसेको दल, प्रतिपक्षी घोर पुँजीवाद्री, समाजवाद्री वा मिश्रित प्रकृतिको नै किन नहोस् सबै मुलुकमा हाल मडारिएको ठूलो समस्या भनेको नै पहिलो स्रोतको उपलब्धता कम हुने र भएको स्रोतसाधनको प्रयोगमा सही कार्यान्वयन हुन नसक्नु हो ।

आर्थिक वर्ष २०७९/०८० मा राजस्व परिचालन १० खर्बभन्दा कम रहेको थियो तर साधारण खर्च भने ११ खर्बभन्दा माथि थियो । चालु आर्थिक वर्ष २०८०/०८१ को वार्षिक बजेटमा गरिएको राजस्व परिचालनको अनुमानित रकम १४ खर्बभन्दा थोरैमाथि देखिन्छ तर वैशाख सकिन लाग्दा पनि राजस्वको परिचालन अनुमानित रकमको ५० प्रतिशत पुग्न सकेको छैन । बाँकी पुगनपुग तीन महिनामा कसरी सरकारले विनियोजित साधारण तथा विकास बजेटको व्यवस्थापन गर्न सक्ला ? यसको साथै ५६ खर्ब नेपाली रुपैयाँको कूल ग्रर्हस्थ्य उत्पादनको मुलुकको हकमा सरकारी ऋणको आँकडा भने २३ खर्ब नाघिसकेको छ । सरकारी ऋणको अनुपात जिडिपीमा ४१ प्रतिशत देखिए तापनि यसभित्रको शंवेदनशीलता भनेको ऋणको पैसा साधारण खर्चको व्यवस्थापनमा गरिएको छ । वैदेशिक ऋण तथा अनुदानको हकमा पनि कोभिडपछिको समयमा वार्षिक बजेटको अनुमानले काम गरिरहेको छैन । संघीयताका लागि तीन तहको सरकारी संरचनाको निर्माण गरिएको छ । बोझिलो आर्थिक दायित्वले मुलुक अृठ्यारो अवस्थामा छ । आन्तरिक तथा बाफय विविध कारणले घट्दै गएका आर्थिक तथा व्यावसायिक गतिविधिले मुलुक विस्तारै-विस्तारै सबै किसिमको आर्थिक संकटतर्फ उन्मुख रहेको देखिन्छ । विप्रेषण प्रतिमहिना ११० अर्बभन्दा माथिको छ । त्यसैगरी विदेशी मुदा सञ्चितिले १८ महिनाभन्दा बढीको आयात धान्न सक्ने अवस्था देखिन्छ । हाम्रो जस्तो मुलुकका लागि अत्यन्तै सुविधाजनक अवस्थामा हो तर यी विद्यमान सूचकांकले नेपाली अर्थतन्त्रको यावत् समस्याको न्यूनीकरणमा खासै काम गर्न सकेको छैन ।

**परियोजनाको चयनमा न्यायोचित व्यवहार :** वार्षिक बजेटको माध्यम ल्याइएका कतिपय परियोजनाका बारेमा बजारमा सकारात्मक सुन्न पाइँदैन । योजना आयोग र यस मातहतका संघीय निकायको काम धेरै सन्तोषजनक हुने गरेको छैन । सीमित स्रोतसाधनबीचमा तय गरिएका धेरै परियोजनाको लाभ-लागत विश्लेषण एवं वातावरणीय प्रभाव मूल्यांकनका बारेमा पर्याप्त छलफल हुनसकेको छैन । साथै राजनीतिक पहुँच र बोलबाला हुनेहरूको दबाबामा वार्षिक बजेटमा अनावश्यक परियोजनामा उल्लेख्य रकम विनियोजन हुने गरेको पाइन्छ । यस किसिमका क्रियाकलाप अबका दिनमा सबै दलले एकमतले बन्देज नै लगाउनुपर्ने हुन्छ । विकासका परियोजनाको सही छनौट हुन नसक्दा धेरै हदसम्म समस्या देखिएका हुन् । आवश्यकता एकातिर तर परियोजना अर्कैतिर हुँदा विनाशंकोच स्रोतको दोहनमा कत्ति हिच्किचाहट नगरी काम हुने गरेका छन् । पहाडी तथा हिमाली जिल्लाका धेरै बस्ती रित्तिँदै गएका तर स्रोतको विनियोजन भइरहेको छ । आधारभूत शिक्षा, स्वास्थ्यजस्तो क्षेत्रमा नयाँ ढंगले योजनाविद्हरूले सोच्ने हो कि ? यसको ठ्याक्कै उल्टो प्रभाव पहाडी प्रदेशका बेंसीहरूमा, भित्री मधेसका शहरीकरणमा जाँदै गरेका एवं राजमार्गले छोएका स्थानमा देखिन थालेको छ । तर, यी स्थानमा जनसंख्याको चापको आधारमा आवश्यक बजेट विनियोजन हुनसकेको छैन । कृषिलाई क्रमश: व्यवसायीकरणमा लैजानुपर्ने बाध्यता छ । सिँचाइ, भण्डारण, बजार, मूल्य निर्धारण गर्ने संयन्त्रजस्ता पूर्वाधारमा सरकारले थोरै भए पनि लगानी गर्नुपर्ने हुन्छ । आगामी बजेटहरूमा अनावश्यक तथा स्रोतको दुरुपयोग हुने किसिमका कुनै परियोजनको कार्यान्वयनमा केन्ददेखि स्थानीय तह माझ बन्देज लगाउनुपर्दछ ।

**ऋण तथा अनुदानमा गर्नुपर्ने नयाँ परिभाषा :** वार्षिक बजेट निर्माण तथा कार्यान्वयनले समग्र अर्थतन्त्रको अल्पकालीनमात्र नभएर द्रीर्घकालीन असर पुऱ्याउने भएकाले ऋण र अनुदानका बारेमा गहनतम् विचार-विमर्श तथा लाभ लागतका बारेमा स्पष्ट हुन आवश्यक छ । वार्षिक राजस्व परिचालनको अंक भनेको १० खर्बको छेउछाउ छ तर सधैं १३०० अर्ब वा सोभन्दा माथिको अनुमानित लक्ष्य राख्ने गरिन्छ । अर्धवार्षिक समीक्षाको निहुँमा २०० देखि २५० अर्बभन्दा कमीको लक्ष्य निर्धारण गरिन्छ । लक्षित आकडामा पुग्न आजसम्म सकिएको छैन । वैदेशिक ऋण तथा अनुदानको अवस्था नाजुक परिस्थितिमा पुगेको छ । वैदेशिक ऋण तथा अनुदानको अनुमानित लक्ष्यको २५ प्रतिशत रहेको कोभिडपछिको समयका तथ्यांकले देखाइरहेका छन् । केही कारण हुन सक्लान् तर त्यसभन्दा बढी आन्तरिक तयारीको कमी, सुझबुझ विनाका परियोजना तथा अनुमान सधैं फेल खाइरहेका छन् । नेपाल सन् २०३० सम्ममा अति कम विकसित मुलुकबाट विकासशील मुलुकको दर्जामा जान तम्तयार भएर बसेको छ भने अर्कोतिर अनुदान उत्तिकै लालायित छ ।

नेपालले पाउने बाफय ऋण सहुलियतपूर्ण एवं सस्तो खोजिरहेका छौं जुन सन् ३० को लक्ष्यको विरोधाभाषपूर्ण रहेको देखिन्छ । आन्तरिक तथा बाफय ऋणको आकडा २३ खर्ब नाघिसकेको छ । यो आकडा मुलुकको जिडिपीको तुलनामा ४१ प्रतिशत देखिए तापनि यस ऋणको रकम के र कस्ता परियोजनामा खर्च गरिरहेको छ भन्ने विषयले सही अर्थ राख्दछ । अन्त्यमा, पछिल्ला केही वर्षमा खास गरी मुलुक संघीयतामा गइसकेपछि ग्रामीण विकासमा नाममा भएको ठूलो लगानीको बाबजुद किन र कसरी हिमाली तथा पहाडी प्रदेशलगायत तराईकै भित्री देहाती बस्तीबाट लोकमार्ग छेउछाउमा भइरहेको बसाइँसराइ किन कम हुन सकेन भन्ने विषयलाई बजेटले समेट्नुपर्ने हुन्छ । सरकारी तथा गैरसरकारी अध्ययनको आधारमा ग्रामीण बस्तीमा लगानी कम भएकाले सामाजिक तथा आर्थिक पूर्वाधारको दयनीय अवस्थाले ठूलो संख्यामा बसाइँसराइ भयो भन्ने बुझाइलाई कम गर्न सरकारले धेरै लगानी गरेको हो । तर, परिणाम राम्रो देखिएन । युवामात्र नभएर गाउँका गाउँ यो वा त्यो निहुँमा खाली भइरहेका छन् । भौतिक संरचना काम नलाग्ने अवस्थामा पुगेका छन् । खेतबारी बाँझो बसेको धेरै वर्ष भइसकेको छ । गाउँमा काम गर्ने मानिसहरूको मात्र नभएर शव वाहनको व्यवस्था गर्नुपर्ने समय भएको छ । तसर्थ नयाँ बजेट यथार्थपरक र सत्यको नजिक तर कार्यान्वयनमुखी हुनुपर्ने आवश्यकता देखिएको छ । मीठा कुराभन्दा कार्यान्वयन हुनसक्ने परियोजना र तिनको सकारात्मक प्रभावको सही लेखाजोखासहित खस्किएको बजारको अवस्थालाई माथि उकास्ने किसिमको बजेटले मात्र यथार्थता समेट्न सक्नेछ । अन्यथा वार्षिक तालिका तथा केही व्यक्तिको नियमित काम र अर्थमन्त्रीको एकाध घण्टाको एकोहोरो रटानभन्दा फेरि केही हुनेवाला छैन ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : धार्मिक कार्यमा रुचि बढ्नेछ । मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । | **तुला** : लगनशीलततले उपलब्धि हात पार्न सकिएला । कुलतमा मन जानेछ । |
| **वृष** : वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । वस्त्र लाभ पनि हुनसक्छ । | **वृश्चिक** : दिन भाग्यशाली भएर देखा पर्नेछ । वैदेशिक क्षेत्रका सफलता मिल्नेछ । |
| **मिथुन** : छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ । | **धनु** : बोलीको भरमा कार्य सम्पादन हुनेछ । शैक्षिक क्षेत्रमा सफलता पनि मिल्नेछ । |
| **कर्कट** : धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ। वाहन सुख पनि मिल्नेछ । | **मकर** : धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । विद्या र बुद्धिको विकास हुनेछ । |
| **सिंह** : स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ । | **कुम्भ** : सुखदु:ख बराबरी मध्यम खालको दिन छ । रतिराग बढाउने समय छ । |
| **कन्या** : कुनै कुराले मनमा शान्ति छाउनेछ । आँटेको र ताकेको कार्य पुरा हुनेछ । | **मीन** : शुभकार्यमा सहभागिता जनाइने छ।महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । |

# कृषि

## खरबुजाबाट किसानलाई मनग्य आम्दानी

मेचीनगर-१५ स्थित मेची नदी बगरमा लीला खनाल र हरि नेपालले १३ बिघा क्षेत्रफलमा खरबुजा फलाएका छन् । ‘धमाधम बजारमा पुऱ्याइरहेका छौँ,’ खनालले भने, ‘पहिलो पटक खेती गरेका हौँ, राम्रो उत्पादन भयो ।’ कृषिमा लागिरहनु भएका नेपाल र खनाल मिलेर मेची बगरमा खरबुजा खेती गरेका हुन् । नेपाली बाबु स्मार्ट कृषि फार्म दर्ता गरेर उनिहरुले सुरु गरेको बगर खेतीमा तीन सय ५० मेट्रिक टनभन्दा बढी खरबुजा फलेको छ । चैतको अन्तिम सातादेखि पाक्न थालेको खरबुजा वैशाख र जेठभरिमा बिक्री भइसक्छन् । व्यापारीले फार्ममै आएर खरबुजा किनेर लैजाने गरेका छन् । निजी सवारी लिएर किन्न आउने ग्राहकको बगरमा भीड लाग्ने गरेको छ । यहाँबाट सस्तोमा किनेर लैजाने व्यापारीले बजारमा मूल्य बढाएर बेच्ने गर्छन् । खरबुजा बेचेर रु ८० लाखदेखि ९० लाखसम्म आम्दानी गर्ने लक्ष्य फार्म सञ्चालक खनालको छ । दैनिक चारदेखि आठ टनसम्म खरबुजा बिक्री भइरहेको उनले जानकारी दिए । उनले भारतबाट सस्तो र कमसल खरबुजा भित्रिएका कारण बजारमा चुनौती थपिएको बताए । खरबुजामा नेपाल आत्मनिर्भर भएको दाबी गर्दै उहाँले भारतबाट गुणस्तर नजाँची भित्रिने खरबुजालाई भन्सार र क्वारेन्टाइन कार्यालयले कडाइका साथ रोक्नुपर्ने माग गरे । कनकाई-५ का फुलु मण्डलले कनकाई नदीको बगरमा तीन बिघा



जग्गा भाडामा लिएर खरबुजा खेती गरेका छन् । उनले बगरखेतीमा खरबुजा लगाएको १५ वर्ष भइसकेको छ । ‘गाडीमा डुलाएर बेच्ने व्यापारीले खरबुजा लैजाने गरेका छन्,’ मण्डलले भताए, ‘तीन बिघामा खरबुजा लगाउन रु १२ लाख लगानी गरेको छु ।’ खरबुजा बेच्न आफैले उर्लाबारीसम्म गाडी पठाउने गरेको उनले बताए । फुलुले खरबुजाबाट आम्दानी गरेको देखेर धीरेन मण्डल, दशरथ मण्डल, पाण्डव मण्डल र जनार्दन मण्डललेसमेत कनकाईमा खरबुजाको बगरखेती लगाएका छन् । बलौटे माटोमा राम्रो फल्ने भएकाले बगरखेती खरबुजाका लागि निकै उपयोगी देखिएको छ । मेचीनगर-९ का डिल्ली उप्रेतीले एक दशकअघि व्यावसायिक खरबुजा खेतीको प्रवर्द्धन गरेका थिए । विर्तामोडको बट्टाबारीमा उनको खरबुजा खेती छ । उनले खेतमा खरबुजा फलाउन सकिन्छ भनेर प्रमाणित गरेपछि धेरैले खरबुजा खेतीमा लगानी बढाएका हुन् । त्यसअघि भद्रपुरको मेची बगरमा नेपाली र भारतीय किसानले यसको खेती गर्थे । नेपाली बजारमा भारतबाटै आएको खरबुजाको व्यापार हुन्थ्यो । अहिले भारतबाट आयात नगरे पनि स्थानीय खरबुजाले बजारको माग धान्नसक्ने अवस्था भइसकेको व्यावसायिक किसान हरि नेपाल बताउन्छन् । ‘स्वाद र गुणस्तरका हिसाबले हेर्ने हो भने नेपाली उत्पादन अर्गानिक हुन्छ,’ उनले भने, ‘भारतबाट आउने खरबुजा सस्तो र कमसल हुन्छ ।’ भारतमा सरकारले कृषिका लागि बीउ, मल र सिँचाइमा प्रशस्त अनुदान दिने भएकाले लागत कम परेका कारण सस्तो भएको हो । बजारमा खरबुजाको प्रति केजी मूल्य रु ४५ देखि ६० सम्म छ । भाटभटेनी र सुपर मार्केटको बिक्री स्टलमा पनि स्थानीय खरबुजा पाइन थालेको छ । मेची बगरमा फलेको खरबुजा काठमाडौँका सुपरमार्केट र पाँचतारे होटलमा पुग्ने गरेको नेपाली बाबु स्मार्ट कृषि फार्मका सञ्चालक खनालले बताए । झापाका मेची, निन्दा, बिरिङ, रतुवा र मावा खोलाको बगरखेतमा किसानले खरबुजा फलाउने गरेका छन् । *-रासस*

## केराको थामबाट रेसा उत्पादन गर्ने कार्यक्रम अलपत्र

केराको थामबाट रेसा उत्पादन गर्ने निजगढ नगरपालिकाको कार्यक्रम अलपत्र परेको छ । गैरसरकारी संस्थाहरूको आर्थिक सहयोगमा पालिकाले चालु आर्थिक वर्षमा केराको थामबाट रेसा उत्पादन गर्ने र रेसाबाट फाइबर बनाउने उद्योग सञ्चालन गर्ने कार्यक्रम ल्याएको थियो । यूएनडीपी र हेल्बिटास नेपाल नामक गैरसरकारी संस्थाको १५/१५ हजार अमेरिकी डलर र निजगढ नगरपालिकाको १० लाख रुपैयाँ लागतमा उद्योग सञ्चालन गर्न १० महिनाअघि त्रिपक्षीय सम्झौता भएको थियो । नगरपालिकाले सम्झौता अनुसार काम गर्न नसकेपछि सो कार्यक्रम अलपत्र भएको हो ।

निजगढ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अजय बर्तौलाले फाइबर उद्योग सञ्चालनका लागि पालिकाले संरचना निर्माण गरिसकेको दाबी गरेका छन् । स्थलगत रिपोर्टिङका क्रममा उद्योग स्थापना क्षेत्रमा पुग्दा सामुदायिक वनले हरित पार्क निर्माण कार्यक्रम अन्तर्गत बनाएको संरचनालाई नै पालिकाले आफूले बनाएको भन्दै गलत प्रचार गरेको भेटिएको छ । निजगढ नगरपालिका वडा नं ७ को जनज्योति सामुदायिक वनभित्र डिभिजन वन कार्यालयले ३ वर्षअघि बनाएको ट्रष्टलाई पालिकाले आफूले बनाएको दाबी गर्दै सो क्षेत्रमा उद्योग सञ्चालन गर्ने प्रक्रिया अगाडि बढाएको छ । गैरसरकारी संस्थाहरूलाई झुक्याउने गरी प्रदेश वन मन्त्रालयको २० लाख बजेटबाट निर्माण भएको संरचनामा पालिकाले दाबी गरेपछि डिभिजन वन कार्यालय बारा प्रमुख विनोद सिंहले सामुदायिक वनभित्र उद्योग सञ्चालन गर्न नदिन सामुदायिक वनलाई निर्देशन दिएका छन् । ‘नगरपालिकाले सामुदायिक वनले बनाएको संरचनामा उद्योग खोल्न खोजेको हो भने तत्काल पत्र काटेर रोकिहाल्नुस्,’ डिभिजन वन प्रमुख सिंहले सामुदायिक वनका अध्यक्ष खड्ग मोक्तानलाई निर्देशन दिँदै भने । जनज्योति सामुदायिक वनका अध्यक्ष मोक्तानले वन क्षेत्रभित्र उद्योग सञ्चालन गर्न अनुमति नदिएको बताए । ‘नगरपालिकाले उद्योग सञ्चालनका लागि पत्र पठाएको छ तर हामीले अनुमति दिएको छैन,’ उनले भने, ‘डिभिजन वन कार्यालयको सहमतिविना हामीले वन क्षेत्रभित्र उद्योग खोल्ने अनुमति दिन सक्दैनौँ ।’ नगरपालिकाले भने गैरसरकारी संस्थाहरूलाई उद्योग सञ्चालनका लागि ठाउँ र संरचना निर्माणको काम भइरहेको जनाएको छ । निजगढ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अजय बर्तौलाले फाइबर उद्योग सञ्चालनका लागि अहिलेसम्म मेसिन खरिदको काम भइसकेको र तालिम दिने काम अगाडि बढिसकेको बताए । ‘नगरपालिकाको तर्फबाट मेसिन राख्ने संरचना निर्माणको काम अन्तिम चरणमा छ,’ उनले भने, ‘केराको थामबाट फाइबर उत्पादन गर्न उद्योग सञ्चालनका लागि यूएनडीपी र हेल्बिटासले १५/१५ हजार अमेरिकी डलर सहयोग गर्ने र निजगढ नगरपालिकाको १० लाख रुपैयाँ लगानीमा संरचना निर्माण गर्ने त्रिपक्षीय सम्झौता भएर काम अगाडि बढिसकेको छ ।’ सो कार्यक्रमका लागि यूएनडीपीले मेसिन खरिद गर्ने, नगरपालिकाले उद्योगका लागि आवश्यक भौतिक संरचना निर्माण गर्ने र हेल्बिटास नेपालले बजार व्यवस्थापनको काम गर्ने सम्झौतामा उल्लेख छ ।

निजगढ नगरपालिका वडा नं ७ का वडाध्यक्ष टेकबहादुर लामाले उपभोक्ता समिति गठनको विषयमा विवाद भएकाले हालसम्म मेसिन खरिदको प्रक्रिया अगाडि बढ्न नसकेको बताए । ‘उपभोक्ता समितिमार्फत काम गर्नुपर्ने र समितिका पदाधिकारीहरू पनि आफैँमा अन्योलमा परेकाले काम अगाडि बढ्न सकेको छैन,’ वडाध्यक्ष लामाले भने । जिल्लाको १६ वटा पालिकामध्ये निजगढ नगरपालिका केरा खेतीको लागि प्रसिद्ध मानिन्छ । सो पालिकामा मात्रै ३ हजार २ सय बिघामा व्यावसायिक रुपमा केरा खेती हुन्छ । किसानले केराको उत्पादन लिएपछि खेर गइरहेको थामबाट रेसा उत्पादन गर्न सके यसबाट दोहोरो लाभ लिन सकिन्छ । केराको थामबाट फाइबर, कपडा, नेपाली कागज लगायत अनेकौँ सामग्री उत्पादन गर्न सकिन्छ । नगरपालिकाका प्रशासकीय प्रमुख बर्तौलाले यो कार्यक्रम सफल हुने दाबी गरेका छन् । ‘यो आर्थिक वर्षभित्र सम्पूर्ण काम सक्ने र आगामी आर्थिक वर्षदेखि उद्योग सञ्चालन गर्ने हाम्रो योजना छ,’ बर्तौलाले भने । उद्योग सञ्चालनका लागि नगरपालिकाले आफ्नो तर्फबाट गर्नुपर्ने सम्पूर्ण काम गरिसकेको प्रशासकीय अधिकृत बर्तौलाको दाबी छ । यो कार्यक्रम यसअघि चितवन र नवलपरासीमा सञ्चालन भइसकेको छ । निजगढ नगरपालिकामा पनि यसअघि सानो मेसिनको प्रयोगबाट फाइबर उत्पादन परीक्षण भइसकेको कुशल व्यवसाय परामर्श तालिम केन्द्रका प्रमुख सरोज कोइरालाले जनाए । उनले केराको थामबाट उत्पादन भएको रेसा गलैँचा उद्योगमा प्रयोग हुनका साथै कपडा, ब्याग, नेपाली कागज बनाउन पनि सकिने बताए । नेपालमा अहिले गार्मेन्ट उद्योगहरूले फिलिपिन्सबाट फाइबर आयात गर्ने गर्दछन् ।हेल्बिटास नेपालका मधेस प्रदेश संयोजक कृष्णलाल कर्णले नगरपालिकालाई उद्योग सञ्चालनको काम अगाडि बढाउन आफूहरूले दैनिक दबाब दिँदै आएको बताए । ‘उद्योग कुन जग्गामा सञ्चालन गर्ने, मेसिन कहाँ राख्ने भन्ने नगरपालिकाको काम हो, विवादित जग्गामा हामी काम गर्न सक्दैनौँ,’ कर्णले भने ।

*-रातोपाटी डटकम*

## खडेरीले सुक्न थाल्यो मकै



झापामा लामो खडेरीले खेतमै बाली सुक्न थालेपछि झापाका किसान चिन्तामा छन् । घोगा लाग्ने बेलामा खडेरीले मकै बालीमा क्षति पुर्याएको छ । कृषि बालीविज्ञ राजेन्द्र खरेलले धामचमरा र घोगा लाग्ने बेलामा खडेरीले मकै बालीलाई ठूलो क्षति पुर्याउने बताए । झापामा महिनौँदेखि वर्षा भएको छैन । ‘सिँचाइ भइरहेको खेतीको मकै बालीलाई खडेरीको कुनै असर हुँदैन,’ उनले भने, ‘तर,‘सिँचाइको सुविधा नभएको मकैबाली सुकेर परालसरी भएको छ । उत्पादनमा ठूलो असर पुर्याउने सम्भावना छ ।’ झापामा सिँचाइ सुविधा भएको क्षेत्रफल यकिन छैन । सरकारी आँकडामा ६० प्रतिशतभन्दा बढी खेतीयोग्य जमिनमा सिँचाइ सुविधा रहेको बताइए पनि धेरैजसो सिँचाइ आयोजना मर्मतसम्भारको अभाव र स्रोत सुक्दै गएका कारण किसानले खेतीमा पर्याप्त पानी पठाउन सकेका छैनन् । मेचीनगर-१५ ज्यामिरगढीका जयप्रसाद भेटवालको खेतीमा खडेरीले मकैका बोट ठाडै सुकेका छन् । ज्यामिरगढीको अधिकांश क्षेत्र सिँचाइ सुविधाबाट वञ्चित छ । निन्दा र टिमाइ खोलामा बाँध बाँधेर नहर सञ्चालन हुँदै आए पनि खडेरीले नहरको मुहानमै पानी अभाव भएको छ । निन्दा नहरको मुहान कच्ची रहेको र पानीको स्रोत सुक्दै गएका कारण नहरमा कमिला कुदिरहेको स्थानीय किसान बताउँछन् । नहरमा पानी नआउने र खडेरी चर्किएपछि गाउँका अधिकांश मकैबाली सुकेर परालसरी भएको स्थानीय किसान अम्बिका शिवाकोटी बताउँछिन् । किसानका लागि मकै धानपछिको मुख्य उत्पादन बाली हो । तर, मकैका बोट सुकेर क्षति पुगेका किसानको अवस्था बुझ्न हालसम्म कुनै तहको पनि सरकारका प्रतिनिधि नआउँदा उदेक लागेको शिवाकोटी बताउँछिन् । झापामा नदी सिँचाइबाहेक सोलार सिँचाइका योजना पनि सञ्चालनमा छन् । विद्युतीय ऊर्जाबाट चल्ने मोटरले भूमिगत जल तानेर सिँचाइ गर्ने सुविधा थोरै खेतीमा मात्र रहेको छ । यसबाट खडेरीमा सुक्न लागेको मकैबालीलाई ठूलो राहत दिएको छ । मेचीनगरमा पालिया र निन्दा सिँचाइ आयोजना, वुद्धशान्तिमा हँडिया फूलवासा सिँचाइ आयोजना, बिर्तामोडमा देवनिया खोला सिँचाइ आयोजना र हल्दिवारीमा हर्चना कृषक सिँचाइ आयोजना वर्षौंदेखि सञ्चालनमा छन् । कनकाई सिँचाइ आयोजना जिल्लाको सबैभन्दा ठूलो र पुरानो सिँचाइ नहर हो । झापा गाउँपालिकामा टाघनडुब्बा सिँचाइ आयोजना, कमल गाउँपालिकामा भुतलुङ सिँचाइ आयोजना र बाह्रदशी गाउँपालिकामा सन्यासमुनि सिँचाइ आयोजनाले खेतीयोग्य जग्गामा सिँचाइ सुविधा पुर्याएको छ । झापा गाउँपालिकामा पाँच वर्षदेखि ‘मकै जोन’ लागू भएको छ । आँखाले हेर्दा भ्याउञ्जेलसम्म मकैखेती देखिने यस पालिकामा किसानले व्यावसायिक रुपमा मकैखेती गर्दै आएका छन् । कृषि ज्ञान केन्द्रका सूचना अधिकारी चेतनाथ भण्डारीका अनुसार आर्थिक वर्ष २०७९/८० मा झापामा ४४ हजार दुई सय ५० हेक्टर जमिनमा मकै खेती गरिएकामा चालू आवमा मकैखेती विस्तार भएको छ । जिल्लामा वार्षिक दुई लाख ५० हजार मेट्रिक टन मकैबाली उत्पादन हुने प्रक्षेपण गरिएको छ । झापा गाउँपालिकाको मकैजोनलाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले सिँचाइ र उपकरणमा अनुदान उपलब्ध गराउँदै आएको छ । पाँच सय हेक्टर जमिनमा भएको खेतीलाई मात्र जोन घोषणा गर्ने चलन छ । झापा गाउँपालिका र कनकाई नगरपालिकाले मकै मकै खेती गर्ने किसानलाई सिँचाइमा लाग्ने विद्युत् महसुलको ६० प्रतिशत रकम अनुदान दिँदै आएको छ ।

कृषिविज्ञ खरेल लामो खडेरीको मुख्य कारण जलवायु परिवर्तनको असर भएको बताउनुहुन्छ । खडेरी प्रभावित मकै खेतीमा घोगा नलाग्ने समस्या आउने उनको भनाइ छ । वर्षाका लागि भगवानसँग प्रार्थना गर्दै झापाका किसानले भ्यागुताको बिहे र सन्सारी पूजा गर्दै आएका छन् । अर्जुनधारा नगरपालिका-२ टाङटिङ खोलामा स्थानीय किसानले बाजागाजाका साथ एक जोडी भ्यागुताको विवाह गराएका हुन् । वर्षाका लागि जिल्लाका विभिन्न खोला किनारमा भगवान इन्द्रको पूजा र भाकल पूजासमेत हुने गरेको छ । *-रासस*

## धान रोप्ने खेत मासेर केरा खेतीमा नरेन्द्र



कञ्चनपुरको भीमदत्त नगरपालिका-१० तिलाचौरका नरेन्द्र साउदले डेढ बिघा जमिनमा केराखेती लगाएका छन् । उनले दशवर्ष अघिदेखि केराखेती सुरु गरेका हुन् । अहिले मुख्य आम्दानीको स्रोत केरा खेती बनेको छ । सुरुमा धान, गहुँ जस्ता अन्नबाली लगाउने खेत मासेर उनले केरा रोपेका हुन् । ‘सुरुमा तीन कठ्ठा जग्गामा केरा लगाएँ । त्यसबेला बीउ पाइँदैनथ्यो, केराको बोटको गाना लगाउने गरिन्थ्यो,” उनले भने, ‘उत्पादन राम्रो भयो, त्यसपछि खेतीको क्षेत्रफल बढाएँ ।’ धान, गहुँ भन्दा फाइदा हुन थालेपछि अन्नबाली छोडेर उनि व्यावसायिक केरा खेतीमा लागेका हुन् । तिलाचौरमा उनको दुई बिघा जमिन छ । त्यसमध्ये डेढ बिघामा केरा खेती गरेका छन् । केरा खेतीमा नरेन्द्र र उनको श्रीमती आफै खटिनुहुन्छ । ‘धान, गहुँ भन्दा आम्दानी राम्रो छ । केरा स्थानीय बजारमा सहजै बिक्रि हुने गरेको छ,’ उनले भने, ‘गोडमेलमा परिवारकै मानिस लाग्छौँ । आवश्यक परे कहिले मजदुर पनि लगाउने गरेका छौँ ।’ उत्पादित केरा यहाँको महेन्द्र नगर बजारमा बिक्री गर्ने गरिएको छ । केरा खेतीबाट वार्षिक रु चार लाखसम्म आम्दानी हुने गरेको नरेन्द्रको भनाइ छ । उनको दुई छोराछोरीसहित चार जनाको परिवार छ । केरा खेतीबाट कमाएकै पैसाले उनले जेठी छोरीको विवाह गरे । कान्छा छोरा रोशनलाई इन्जिनियर बनाउने उनको सपना छ । गाउँकै युवा वर्ष माध्यमिक विद्यालयबाट एसएसलसी परीक्षा उत्तीर्ण गरेपछि छोरा रोशनलाई तीन वर्षदेखि पोखरामा इन्जिनियरिङ अध्ययन गराइरहेका छन् । ‘छोराले आंशिक छात्रवृत्तिमा नाम निकाल्यो । खेतीबाट हुने आम्दानीले छोराको बस्न, खान र पढाइको खर्च जोहो गरिरहेका छौँ,’ नरेन्द्र भन्छन्, ‘वार्षिक रु दुई अढाई लाख उसका लागि छुट्याउनुपर्छ ।’ उनले बाख्रा र भैंसी पनि पालेका छन् । पशुपालनबाट हुने आम्दानीले घरखर्च त्यहाँबाट व्यवस्थापन हुने गरेको उनले बताए । वर्षौंदेखि केरा खेतीमा लागे पनि अहिलेसम्म सरकारबाट पाउने अनुदान तथा बीउविजन, मलखादमा केही नपाएको उनको गुनासो छ । कञ्चनपुरमा एक सय ५० हेक्टरभन्दा बढी क्षेत्रफलमा केरा खेती गरिन्छ ।

*-रासस*

## प्रेस चौतारी पाल्पाको स्थापना दिवस

# जिल्ला अस्पतालको सेवाका विषयमा छलफल

**कृष्ण पोखरेल**

**पाल्पा,** वैशाख २९/प्रेस चौतारी नेपाल पाल्पा शाखाले स्थापना दिवस मनाएको छ । चौतारीले जिल्ला अस्पतालको सेवा प्रवाहका विषयमा सरोकारवाला निकायहरुसँग छलफल गरी २४ औं स्थापना दिवस मनाएको हो ।




कार्यक्रममा प्रमुख अतिथि प्रदेशसभा सदस्य एव पूर्वमन्त्री वीरबहादुर रानाले अस्पतालमा कार्यरत जनशक्तिले जागिरे मानसिकता भन्दा माथि उठेर जनताको उपचार सेवामा लाग्न अनुरोध गरे । अस्पताल विकास समिति नभएको अवस्थामा मेडिकल सुपरिटेण्डन भएको जनशक्तिको राम्रो व्यवस्थान गरेर काम गर्ने जिम्मेवारी र दायित्व भएको पुर्वमन्त्री रानाले बताए । राजनीतिक दलका नेतृत्वकर्ताहरुले पनि अस्पताल विकासको लागि दलिय आस्था भन्दा माथि उठेर काम गर्नुपर्नेमा प्रदेश सांसद रानाले जोड दिए ।

छलफलमा अस्पताले आफ्ना सेवा प्रवाहका विषयमा जानकारी गराएको छ । उसले ९ महिनाको अवधिमा ७० हजार विरामीले सेवा लिएको, उपचार बापत बीमाबाट ६ करोड आम्दानी गरेको जानकारी गराएको छ । अस्पतालका मेडिकल सुपरिटेण्डन डा. राजेन्द्र जि.सी.ले जिल्ला अस्पतालमा विरामीको संख्या दिनहुँ बढ्दै गएको, अधिकाश विरामीहरुको रिफर नगरी अस्पतालबाटै उपचार सेवा प्रदान गरेको बताए । अस्पतालको सेवा प्रवाहलाई छिटो छरितो, चुस्त दुस्त बनाउन अस्पताल प्रशासन लागि परेको अस्पतालका मेडिकल सुपरिटेण्डन डा. जि.सी.को भनाई छ । अस्पताललाई रिफर सेन्टरबाट हटाएर अस्पतालबाटै उपचार सेवा दिनु पर्छ भन्ने भावनाले कार्यरत जनशक्तिबाट राम्रो सेवा दिने काममा लागेको डा. जि.सी. दावी गरे । अस्पतालमा अहिले कुनै पनि औषधिको अभाव नरहेको, ल्याव मेसिनहरु थपेर रिपोट छिटो दिने प्रयासमा लागेको, आगामी दिन टिकट काउण्टरमा भिड व्यवस्थापनको लागि फलामको टोकन सिष्टम लागु गर्ने तयारीमा लागेको उनले बताए । अस्पतालमा व्यवस्थापन समिति नहुँदा विभिन्न काममा बाधा अवरोध भएकाले प्रदेश सरकारले चाडो भन्दा चाडो व्यवस्थापन समिति सिफारिस गर्न मेसु जि.सी.ले अनुरोध गरे । अस्पतालमा विरामीको संख्या अत्याधिक हुँदा, स्थान अभाव भएकाले उपचारमा समस्या परेको समेत अस्पतालले जनाएको छ ।

कार्यक्रममा जिल्ला समन्वय समितिका उप-प्रमुख काशिका गैरे, नेपाली काँग्रेसका जिल्ला सभापति हिमालदत्त श्रेष्ठ, नेकपा एमालेका अध्यक्ष धनेन्द्रराज घिमिरे, राष्ट्रिय स्वतन्त्रपार्टीका उपाध्यक्ष सुमन गैरे, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष डुलबहादुर कुवँर, राष्ट्रिय जनमोर्चाका अध्यक्ष विशाल दर्लामी, जिल्ला स्वास्थ्य कार्यालय पाल्पाका प्रमुख डा. राजेन्द्र गिरी, पत्रकार महासंघ पाल्पाका अध्यक्ष रेखीराम राना, बरिष्ठ पत्रकार मेघराज शर्मा, प्रेस चौतारीका केन्द्रीय अनुशासन आयोगका उपाध्यक्ष भगवान भण्डारी, केन्द्रीय सदस्य मिलन विश्वकर्मा, पत्रकार महासंघका उपाध्यक्ष भरत शर्मा लगायतले सिमित श्रोत साधनमा पनि आ-आफ्नो जिम्मेवारी र दायित्व अनुसार काम गरेमा अस्पतालको सेवालाई चुस्त दुस्त गुणस्तरीय बनाउन सकिने बताए । चौतारीका अध्यक्ष कृष्ण कार्कीको अध्यक्षता, सचिव नारायण न्यौपानेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# आज अन्तर्राष्ट्रिय नर्सिङ दिवस मनाइँदै




**पाल्पा,** वैशाख २९/अन्तर्राष्ट्रिय नर्सिङ दिवस आज नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदै छ । दिवसका उपलक्ष्यमा नर्सिङ कलेज तथा सम्बन्धित संघसंस्थाले विभिन्न कार्यक्रम गर्दैछन् । आधुनिक नर्सिङकी संस्थापक फ्लोरेन्स नाइटिङ्गलको जन्मदिन पारेर अन्तर्राष्ट्रिय नर्स काउन्सिलको आह्वानमा हरेक वर्ष मे १२ तारिखमा यो दिवस मनाउने गरिन्छ ।

नेपालमा वि.सं २०१३ देखि नर्सिङ पेशा शुरु भएको मानिन्छ । विश्व नर्सिङ दिवस हरेक वर्षको मे १२ को दिनमा मनाईदै आएता पनि नेपालमा भने राष्ट्रिय नर्सिङ दिवस प्रत्येक वर्षको माघ १५ गते मनाउने गरीएको छ । अन्तर्राष्ट्रिय नर्स परिषद्को तथ्यांक अनुसार नेपालमा नर्सहरूको संख्या १ लाख ५ हजार छ । नर्सिङमा विद्यावारिधिसम्मका कक्षाहरु छन् । तर नर्सहरुको व्यावसायिकता र पारिश्रमिकको पक्ष भने कमजोर छ । १० देखि १२ लाख रूपैयाँ खर्चेर पढेका नर्सले निजी अस्पतालमा अहिले पनि मासिक १०, १२ हजारमा मात्रै काम गर्नु परेको गुनासो गर्दै आएका छन् ।

नेपालमा सरकारी तथा निजी स्तरमा गरी साढे २ सय शिक्षण संस्थाबाट वर्षको ८ हजारभन्दा धेरै जनशक्ति उत्पादन हुने गरेको छ । तर योग्यता अनुसार रोजगारी, विशेषज्ञता अनुसार पदपूर्ति हुन नसक्दा सुविधाको खोजीमा विदेशिनेको संख्या बढ्दो छ । विकसित देशमा सामान्यतया तीनजना बिरामीका लागि १ जना नर्स हुनुपर्ने प्रावधान छ । तर नेपालमा भने एउटै नर्सले २० देखि ३० जनासम्म बिरामी हेर्नुपरेको तथ्यांक छ । नेपालको नर्सिङ पेसा अझै व्यवस्थित हुन सकेको छैन । नर्सलाई न्यूनतम पारिश्रमिक पाउन आन्दोलनमै होमिनुपर्ने बाध्यता छ । बिरामीको सेवामा दिनरात खट्नुपर्ने नर्स पेसाको आदर्श उँचा भए पनि अहिले विदेशिन बाध्य छन् । नर्सबिना अस्पतालको कल्पनासमेत गर्न सकिँदैन तर हजारौँ नेपाली नर्स अझै न्यूनतम सेवा सुविधाबाट वञ्चित हुनु परेको छ ।

## खेलकुद समाचार

### बागमतीलाई हरायो ललितपुरले



**काठमाडौं**, बैशाख २९/ललितपुर-११ ले ललितपुर वुमन्स चाम्पियन्ससिप २०२४ को पहिलो खेलमा बागमती प्रदेशलाई ७ विकेटले हराउँदै विजयी सुरुवात गरेको छ । ५३ रनको लक्ष्य पछ्याएका ललितपुरले १३.१ ओभरमा ३ विकेट गुमाउँदै पूरा गर्यो । पूजा महतो ३० बलमा ३ चौकासहित २३ रनमा नट आउट रहिन् ।

लक्ष्मी चौधरी ७ बलमा ३ चौकासहित १२, किरण कुँवर र सरस्वती घर्तीमगर ६-६ रनमा आउट भए । बागमतीको खुसी डंगोलले १ मात्रै विकेट लिइन् । त्यसअघि त्रिवि क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको बागमती प्रदेश १४.२ ओभरमा ५२ रनमा अल आउट भएको थियो । बागमतीकी कप्तान अश्मिना कर्माचार्यले २६ बलमा ३ चौकासहित सर्वाधिक २० रन बनाएकी थिइन् । कञ्चन श्रेष्ठ ११, हेलिसा गुरुङ ५ र खुसी डंगोलले ६ रन बनाइन् । चोभार एण्डबाट आएकी कृतिका मरासिनीले १२ औं ओभरको चौथो बलमा खुसीलाई बोल्ड, पाँचौं बलमा विपिशा शाहीलाई क्याच र छैटौं बलमा मनिषा उपाध्यायलाई बोल्ड गर्दै ह्याट्रिक पूरा गरेकी थिइन् । १४ औं ओभरको पहिलो बलमा अश्मिना कर्माचार्यलाई बोल्ड गर्दै लगातार चार बलमा चार विकेट पूरा गरेकी थिइन् । ललितपुर मेयर्स ११ की कृतिका मरासिनीले २ ओभरमा ४ रन खर्चेर ४ विकेट लिइन् । सरस्वती कुमारी चौधरीले ३ ओभरमा ११ रन खर्चेर ३ विकेट लिइन् । पूजा महतोले ३.२ ओभरमा १३ रन खर्चेर २ विकेट लिइन् । आज (आइतबार) पहिलो खेलमा ललितपुर ११ र सुदूरपश्चिम प्रदेशबीच प्रतिस्पर्धा हुनेछ । दोस्रो खेलमा कोशी र एपीएफ भिड्नेछन् ।

### नतिजा केन्द्रीत...

...कार्यक्रममा नेपाली काँग्रेसका लुम्बिनी प्रदेश सदस्य रामबहादुर कार्की, काँग्रेस पाल्पा क्षेत्र नं. २ प्रदेश ख का सचिव शंकर भण्डारी लगायतले पार्टीको वर्तमान अवस्था, केन्द्रले लिएको रणनीति, समसामयिक विषयसँगै संगठन विस्तार र सुदृढ कसरी बनाउने भन्ने विषयमा प्रशिक्षण दिएका थिए । काँग्रेस पाल्पाका उपसभापति एवं प्रशिक्षण विभाग प्रमुख झपेन्द्र गहिरेले पार्टी जनताको भावना अनुसार नयाँ शिराबाट अघि बढेको बताए । उनले प्रशिक्षण अन्य पालिकामा समेत सञ्चालन गरिने बताए । प्रशिक्षण विभाग प्रमुख गहिरेको अध्यक्षता, महाधिवेशन प्रतिनिधि पूर्ण कुमार सोतीको स्वागत, महाधिवेशन प्रतिनिधि एवं प्रशिक्षण विभाग सदस्य शालिकराम पाण्डेको सञ्चालनमा कार्यक्रम भएकमो थियो ।

## अर्थ/कर्पोरेट समाचार

# रामपुरका आगलागी पीडितलाई आर्थिक सहयोग

**रामपुर (पाल्पा),** वैशाख २९/ पाल्पा रामपुरका आगलागीपीडित नौ परिवारलाई आर्थिक सहयोग गरिएको छ ।

गत वैशाख १९ गते रामपुर नगरपालिका-४ को समाङ्सिङ, तल्लो गिजिनडाँडा र रामपुर-५ गैरामा आगलागीबाट पूर्ण क्षति भएका छ र आंशिक क्षति भएका तीन परिवारलाई आर्थिक सहयोग गरिएको हो ।

नेवा: देय दवु, नेवा: समाज, लोकप्रसाद-शेष कुमारी अक्षयकोष र रामपुर अक्षयकोष रामपुरमार्फत चार लाख ७६ हजार चार सय बराबरको राहत रकम विवरण गरिएको नेवा देय दबु रामपुरका अध्यक्ष रुद्रनारायण श्रेष्ठले जानकारी दिए ।

नेवा : देय दबू रामपुर नगरसमितिमार्फत रु तीन लाख ६५ हजार चार सय, रामपुर नेवा: समाजले ३० हजार, लोकप्रसाद शेषकुमारी अक्षय कोषमार्फत २५ हजार र रामपुर अक्षय कोषबाट रु ५६ हजार संकलन गरिएको थियो । **-रासस**

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापाता लगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।

*हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई